# ऐतिहासिक पत्र-स्तम्भ

श्रीदूर्गाज्यू

श्रीनाथ,

स्वस्तिश्रीगिरिराज चक्रचूडामणि नरनारायणो त्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज सदा राजेन्द्र विक्रम शाह वहादुर सम्सेर जङ्देवानां समरविजयिनाम् ।। आगे उदयानन्द पंडीतके सम्वत् १८८५ साल मिति चैत्र शुदि ८ रोज ७ का दिन विषुवत् संक्रान्तिमा हाम्रा वाहुलिवाट संकल्प भयाको मधेसका जमिनमध्ये अवादिवयरानि विगहा १५० जिल्लै सप्तरि प्रगन्ना षालिसा मौजे भगवानपुरमध्ये आफुले मोहर गरि षायाको र ·····—कम्पूका जगा समेत अवादि विगहा ६० वयरानि विगहा ९० जमा अवादि वयरानि विगहा १५० तस्को चौतर्फा साँध सिवाना कोइला किल्ला मुलुक वरवस्न नौ हातका लागाले नाप बमोजिम मेडवंडि पूर्वका सिमाना इसान कोनाका किल्लासौ पुर्व दछिन दवाये भरनवाल पर कोइला किल्ला १ तिस सै पुर्व पट नानानकार पश्चिम नाप विर्ता तिस किल्लासौ दछिन पुर्व दवाये अगनै कोना रतनदासका षेतका दछिनवारि आरिपर कोइला किल्ला १ तिससै पुर्व दछिन चतुरा उतर नाप विर्ता पुर्वका सिमाना १ दछिनका सिमाना अगनै कोनका किल्लासै सरासर आरिधुर पुर्व पश्चिमे तिस धुरपर दिवराका भिड जरन किराउतका धानका षेतका दछिन वारि आरि धुर पर कोइला किल्ला १ तिससै दछिन चतुरा उतर नाप विर्ता तिस किल्लासै सोझा पश्चिम अगु आनका षेतका पुर्वारि आरि कोन मोरमो कोइला किल्ला तिस किल्लासै सोझा दछिन २० लगापर दछिन सोमाई गोपका षेत अगनै कोनामो कोइला किल्ला १ तिस किला सै पुर्व दछिन चतुरा रैकर नाप विर्ताका दछिनका सिमाना १ पश्चिमका सिमानाकोध अगनै कोनाका किलाका सामने पश्चिमट १ लगापर भगवानपुरवस्तिका पुर्व जुडिराउतका षेतमो कोइला किल्ला १ तिस किल्ला सौ सोझा उत्तर कर्मनि गोपका वगैचा कापछवारि आडासिमा तिसका सोझा उत्तर रास्ता परकिल्ला १ तिस किल्लाका सामने उत्तर घोघाई गोपका आडाका १० लगा भंडारको नाप र किल्ला कोइला तिस सै पश्चिम रैकर पुर्व नाप विर्ता तिस किल्लासौ सोझा उत्तर सातनिग्वालाको षेत भंडारको नामोकिल्ला १ तिस काला सै सामने उत्तर सातनिग्वालाका दोश्रा षेत विचला किताका पुर्व पश्चिमे आरिपर किल्ला तिस किला सो उत्तर पिथिदासको नाल षडावनै रत्यकोनापर कौसकि मंडरका उत्तर वारि लालुका षेतका अगनैकोनामो किल्ला पश्चिमका सिमाना १ उत्तरका सिमाना मोजे वैर वा विर्ताका दछिन सिमाना पुर्व पश्चिमे रेहिसै दछिन भगवानपुर बिर्ता वैर वा वस्तीका दछिनवारि किनारासै उत्तर वैर वा षेत षस्ति आरि पर कोइला किल्ला १ तिस किलासै सोझा पुर्व जानकि गोपका षेतका पछवारि आरि परकोइला किला १ तिससै उत्तर वैखा दछिन भगवानपुर नाप उत्तरका सिमा नाप एति चौतर्फि किल्लाभित्र चक लावंदिनाप उत्तरवारि सिमानासै दछिन सिमाना भिडतक अर्दरसि १३।१८ पुवारि सिमानासै पश्चिम सिमाना आरितक तुलरसि १०।१० ताके विगहा १४५।।।४ कोधिनाप अर्दर सिलगा ।२० तुलरसिलगा ।८१ ताके विगहा ४९१ येति सबै चकलावंदि नापका जमा अवादि वयरानि विगहा १५० को सम्वत् १८८६ साल वैशाख वदि १ रोजदेखि गादिममा षचुमावन गोड धुवाई तिन कलम

वाहिक राषि मालमहाल तफर्रो आत सायेर कठिग्रारि जलकर वनकर विआहदानि सगौरा मडौचा सिगार हाट् डंड गुनह गारि मन्यो अपुतालि आमिलान् र चौधरी कानुगोपका दस्तुर आमिलानको वेठवेगार फरफर माझ सहाट साटि दलालि छौ रहि अरू रकम कलम मारि मेटि विर्ता वितल पगरि वक्स्याको मोहोर ताम्वापत्र गरिवक्स्यौं आफ्ना षातिर जामासंग संधियारले चारै किल्ला छुट्याई मेडवंदि गरिदियाको जमिन अवाद गुलजार गराई पैदावार भयाको लि हाम्रो र हाम्रा सन्तानको जय मनाई विर्ता वितल पजानि सन्तान दरसन्तान पर्यन्त परम सुख भोग्य गर यो विर्ता संकल्प हुंदा संकल्पवाक्य पढ्न्या पुरोहित जडुनाथ पंडित अर्ज्याल षानि हालन्या कर्णेल मातवरसिह थापा सांध लाउन्या संधियार कप्तान वीरभद्र कुवर सुबेदार विरनरसिह थापा मुषिया मानिकदास मेजर दिलाराम पाध्या पेस्कारसेवक रामदास नौसिदा अमृतलाल दास मुनसिफ मुनिमिश्र नौसिदा आसाराममलिक जरिवक्स छत्रिझां सिवदयाल साहु कंपनिका ज्मादार अमरसि थापा अजिटन् वलि षडका कोत्या रघुविरघति तहविलदार बद्रिनाथ उपाध्या गढिका ज्मादार कारि पाडे ज्मादार महाविर कवर सुबेदार सिघविर थापा जिमिदार जैवार जानिवकार प्रगन्ना षालिसाका जमिदार कृपाराम चौधरि कानुगोये प्यारेलाल दास रायेस वुध्रराम षिरहरि षगपति प्रगन्ना पकरिका कानुगोय ननुदास वेरादर आनन्ददास प्रगन्ना जगदर सोधपुरका जमिदार रंगलाल चौधरिका नायेव फेकन चौधरि प्रगन्ना मझौआका कानुगोप गुमानसिं प्रगन्नाराय झमुनाका जमिदार दयाराम चौधरि वेरादर हरिलाल चौधरि रायेस गिरिधारि माझि प्रगन्ना पकरिया—का जिमिदार भवनाथ चौधरि मौजेपर साहिका विर्तवार लक्ष्मीकान्त उपाध्या मौजेनर घोका विर्तवार लक्ष्मीनारायण उपाध्या मौजे मलिकौलिका विर्तवार श्रीविलास उपाध्या मौजे मैनाकडेरिका विर्तवार फकिरामिश्र भेडिआ अस्थान—का महन्त भोलादास मौजे पटनाका जेठरैयत अन्हेर राउत वजनाथ राउत मौजे चतुराका जेठरैयति वैजनाथ मंडर मौजे भगवानपुर विर्ता कट्टिका जेठरैयति पिथिमंडर आत्मा मंडर लछन् माझि गिदषोराम त्रिमंडर जेठरैयति मधवापुर नथहषिर हरिन डरुधामि सिताइ कुभार जेठरैयति मौजे वैरवा विर्ता दुलहराम चौधरि चनौ रावल भद्रमाझि भिमार राधेमाझि धनपुरि चन्दर धामि मलिकौलि बौकाई झाझलहि वेचु चौधरि कचनदाहा विर्ता भगवानपुर कारैति मुसाइनन्द गोप विर्तवारका तरफ सौ नपाउन्या वाले पंडित निज विर्तवारले किल्लाभन्दा अध्यालो नचापनु विना तकसिर जवदन गर्नु जो येस वन्धेजमा रहैन सो येस लोकमा भन्याको पातकि होला स्वदत्तां परदत्तांम्वा यो हरेद्वै वसुन्धराम् षष्ठिवर्ष सहस्राणि विष्टायां जायते क्रिमि ।। इतिसम्वत् १८८७ साल मिति ज्येष्ठ शुदि ११ रोज ४ शुभम् ।

## टिप्पणी—

शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग वा राष्ट्रिय अभिलेखालयको संग्रहमा भएका पत्रको उतार पत्रस्तम्भमा दिइने हुँदा अन्यत्र छापिएको कुरा यहाँ सूचना दिइने छैन । — सम्पादक